Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)

735521

च.नं: MBL/CS/80/81-52

मिति : २०८०/०६/१८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।

**विषय : वार्षिक साधारण सभा सम्पन्न भएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस माछापुच्छ्रे बैंक लिमिटेडको २५ औं वार्षिक साधारण सभा मिति २०८०।०६।१८ गते होटल पोखरा ग्राण्ड, पार्दी, पोखरा, कास्कीमा सम्पन्न भएको छ । उक्त वार्षिक साधारण सभाले निम्नानुसार निर्णय गरेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**वार्षिक साधारण सभाका निर्णयहरु :**

**क. सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गरिएको ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित बैंकको २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान विवरण, अन्य विस्तृत आय विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु छलफल गरी पारित गरिएको ।

३. यस बैंकको सहायक कम्पनीहरु "माछापुच्छ्रे क्यापिटल लिमिटेड" र "माछापुच्छ्रे सेक्युरिटिज लिमिटेड" को आर्थिक वर्ष २०७९/८० को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) छलफल गरी पारित गरिएको ।

४. आर्थिक वर्ष २०८०/८१ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा १११ (१) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (१) र ६३ (३) मा भएको व्यवस्था बमोजिम तीन वटा फर्महरुले प्रस्ताव गरेको पारिश्रमिक तथा बैंकिङ्ग क्षेत्रमा लेखापरीक्षण गरेको अनुभव, लेखापरीक्षण फर्ममा कार्यरत साझेदार FCA/CA हरुको संख्या, योग्यता र अनुभव र आफ्नो कार्यक्षेत्रमा हासिल गरेको ख्याति, लेखापरीक्षण शुल्क आदि समेतको आधारमा मूल्यांकन गर्दा G.P. Rajbahak & Company उत्कृष्ट देखिएको हुँदा सोही फर्म अर्थात G.P. Rajbahak & Company लाई प्रस्ताव बमोजिम रु २०,००,०००/– (मुल्य अभिबृद्धि कर तथा अन्य खर्च बाहेक) पारिश्रमिक दिने गरी आर्थिक वर्ष २०८०/८१ को लागि बैंकको बाह्य लेखापरीक्षक नियुक्ती गर्न सर्वसम्मतिबाट पारित गरिएको ।

Machhapuchchhre Bank Ltd. Head Office

५. संचालक समितिले प्रस्ताव गरे बमोजिम रु. ७,१८,००,०८९ (चुक्ता पूँजीको ०.७० प्रतिशत) नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि) वितरण गर्न स्वीकृत गर्ने निर्णय गरिएको ।

**ख. विशेष प्रस्ताव :**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम रु. १,३६,४२,०१,६९२ (चुक्ता पूँजीको १३.३० प्रतिशत) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने र सोही हदसम्म बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्न प्रबन्धपत्रको दफा ५(ख) र ५(ग) संशोधन गर्ने निर्णय गरिएको ।

२. माछापुच्छ्रे बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न / गाभिन (मर्जर गर्न वा प्राप्ती (एक्विजिशन) गर्न) तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कनको लागि मूल्याङ्कनकर्ता नियुक्ती गर्न, गाभ्ने गाभिने वा प्राप्ती गर्ने सम्बन्धी सम्झौता गर्न, वैदेशिक रणनीतिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरिएको ।

३. विशेष प्रस्तावका संशोधनहरुबाट प्रबन्धपत्रमा भएका संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सोही वमोजिम संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरिएको ।

भवदीय,

..........................
सुभाष जमरकटेल
कम्पनी सचिव

Machhapuchchhre Bank Ltd. Head Office